# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पालुङटार, गोरखा

मितिः २०८३/०२/०१

गण्डकी प्रदेश, नेपाल

प्रेस-नोट

पालुङटार नगरपालिकाले कृषि योग्य जमिनको संरक्षण, बाँझो जमिनको सदुपयोग तथा व्यावसायिक कृषि प्रवर्द्धन गर्ने उद्देश्यले "भूमि बैंक कार्यक्रम कार्यविधि, २०८२" कार्यान्वयनमा ल्याएको छ। उक्त कार्यविधिको दफा ५ उपदफा (१) को घ तथा अनुसूची–१ बमोजिम भूमि बैंकमा जग्गा दर्ताका लागि सार्वजनिक सूचना प्रकाशन गरिएको जानकारी गराइन्छ।

नगरपालिकाभित्र रहेका खेतीयोग्य तर विभिन्न कारणले प्रयोगविहीन अवस्थामा रहेका जमिनलाई पुनः उत्पादन प्रणालीमा जोड्दै कृषि उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा स्थानीय अर्थतन्त्र सुदृढीकरण गर्ने उद्देश्यका साथ यो कार्यक्रम सञ्चालन गरिएको हो।

कार्यविधिको दफा ३ उपदफा (१) को क) बमोजिम कम्तीमा २ रोपनी वा सोभन्दा बढी खेतीयोग्य तर बाँझो रहेका जग्गाधनीहरूले आफ्नो जग्गा भूमि बैंकमा सूचीकृत गर्न सक्ने व्यवस्था गरिएको छ। सोही व्यवस्था अनुसार नगरपालिकाले प्रथम पटक मिति २०८३/०२/०१ गते सूचना प्रकाशन गरी प्रकाशित भएको मितिले १५ दिनभित्र आवश्यक कागजातसहित आवेदन पेश गर्न अनुरोध गरेको छ।

दफा ३ उपदफा (१)को ख) अनुसार भूमि बैंकमा दर्ता भएका जग्गाहरूलाई सडक पहुँच, सिंचाइ सुविधा, उर्वराशक्ति, जैविक सुरक्षा तथा क्षेत्रफलका आधारमा वैज्ञानिक रूपमा वर्गीकरण गरिनेछ। यसरी सूचीकृत जग्गाहरू कृषि कार्य गर्न इच्छुक कृषक, कृषक समूह, सहकारी तथा कृषि फर्मलाई नियमानुसार उपलब्ध गराइने व्यवस्था गरिएको छ।

कार्यक्रममार्फत बाँझो जमिनको उपयोग वृद्धि, उत्पादनमुखी कृषि प्रणाली विकास, युवाहरूलाई कृषि उद्यमतर्फ आकर्षण तथा नगरपालिकालाई कृषि क्षेत्रमा आत्मनिर्भर बनाउने लक्ष्य लिइएको छ। साथै, भूमि बैंकबाट प्राप्त जग्गामा उत्कृष्ट उत्पादन गर्ने कृषकलाई प्रोत्साहन तथा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने व्यवस्था समेत कार्यविधिमा समावेश गरिएको छ।

नगरपालिकाले सम्पूर्ण जग्गाधनीलाई आफ्नो प्रयोगविहीन खेतीयोग्य जमिन भूमि बैंकमा दर्ता गरी यस अभियानमा सहभागी हुन हार्दिक अनुरोध गर्दछ।

थप जानकारीका लागि पालुङटार नगरपालिका कृषि विकास शाखामा सम्पर्क गर्न अनुरोध गरिन्छ।

..............................

शेर बहादुर बि.सी

प्रमुख प्रशासकीय अधिकृत

Website: www.palungtarmun.gov.np E-mail: palungtarmun@gmail.com

टोल फ्रि नं. १६६०६४४२००२

फोन नं. ०६४-४०००५३, ४०००९२, ४००००२